

# नागरिक नेतृत्वमा गरिएको गणितिय मापन

# Citizen-Led Assesment of Numeracy (CLAN)

# निर्देशिका

# विषय सुची


१. नागरिक नेतृत्वमा गरिएको मापनको बारेमा ........ 1

२. नागरिक नेतृत्वमा गरिएको गणितीय मापनको बारेमा ........ 2

३. गाँउको जानकारीहरुको संकलन ........ 4

४. गाँउको नक्सांकन, बस्तीहरुको विभाजन र घरपरिवारको नमुना छनौट) ........ 6

५. घरपरिवारमा गईसकेपछि के गर्ने ........ 8

६. बालबालिकाहरुसँग के गर्ने हो? ........ 15

७. पालन गर्नु पर्ने नैतिक कुराहरु ........ 17

८. गाउँमा नागरिकहरुको नेतृत्वमा गरिने मापनको सक्षेंप ........ 18

# १. नागरिक नेतृत्वमा गरिएको मापनको बारेमा

*उद्देश्यहरु:*

- *असर नेपाल र PAL नेटवर्क को बारेमा जान्न*
- *PAL नेटवर्कको नागरिक नेतृत्वमा गरिने मापनलाई बुझ्न*

**पाल (PAL) नेटवर्कको बारेमा**

People's Action for Learning (PAL) नेटवर्क दक्षिण एसिया, अफ्रिका र अमेरिकामा बालबालिकाहरुको आधारभूत पढाई र गणितका मापनको कार्यगरिरहेका सदस्य संस्थाहरुको सहकार्य हो । यी संस्थाहरुले शैक्षिक गुणस्तरमा सुधार गर्न  स्वंयमसेवकहरुलाई परिचालन गरेर बालबालिकाहरुको गणितिय मापन गर्दछन ।

**असर नेपालको बारेमा**

असर नेपाल सर्भेक्षण भनेको एनजिओ वा संस्था होईन । यो त धेरै जना ब्यक्तिहरु, संघसंस्थाहरु र निकायहरु मिलेर गरिरहेको सिकाई अध्ययन को विधि हो । यो विधि नेपालमा तयार पार्नका लागि त्रिभुवन विश्वविद्यालयमा कार्यरत उपप्राध्यापक राजिव तिमल्सिना र काठमाण्डौ स्थित कारखाना नामक शिक्षा सम्बन्धि नीजि कम्पनिका संस्थापक साकार पुडासैनीले संयोजन गरिरहनु भएको छ । यस कामका लागि त्रिभुवन विश्वविद्यालय तथा काठमाण्डौ विश्वविद्यालयका प्राध्यापकहरु सँग सहकार्य गरिएको छ । यसमा गाँउहरु तथा घरहरुको वैज्ञानिक विधिबाट छनौट गर्नका लागि प्राध्यापकहरु तथा नेपाल सरकारको तथ्यांक विभागका अधिकृतहरुको सहयोग लिईएको छ । र अन्य अन्तराष्ट्रिय अध्ययन विधिहरुसँग तुलना गर्न, विधिहरु सिक्न तथा प्राविधिक सहयोगको लागि केन्यामा रहेको पाल नेटवर्क, भारतको प्रथम फाउण्डेसन सँग सरसल्लाह गर्ने गरिएको छ ।

असर नेपाल नेपालमा बालबालिकाहरुको आधारभूत पढ्ने क्षमता (अंग्रेजी र नेपाली) र गणितीय क्षमतामा सुधार ल्याउने उद्देश्यले  नागरिकहरुले नेतृत्व गरेको मापनको एउटा मोडेल हो । असर नेपाल मार्च २०१६ मा पर्सा जिल्लाको ३० ओटा गाँउको नमुना परिक्षणबाट सुरु भएको हो । सन २०१७-२०१८ हामीले नगरपालिका तहमा काठमाडौंको बुढानिलकण्ठ नगरपालिका र २०१९ मा प्रदेश तहमा प्रदेश २ मा मापन भएको थियो ।

**नागरिक नेतृत्वमा गरिएको गणितिय मापन किन भईरहेको छ?**

विगतका केहि वर्षहरुमा सरकार, अभिभावकहरु, र समुदायहरु मिलेर बालबालिकाहरुको विद्यालय भर्ना सुनिश्चित गर्न प्रयास भईरहेको छ । अब हामीले बालबालिकाहरु विद्यालय जानुको साथसाथै सिकाईको निरन्तरताको पनि सुनिश्चित गर्नु पर्छ ।

जिम्मेवार नागरिकको रुपमा हामीले हाम्रो बालबालिकाहरुको शिक्षा र सिकाईको अवस्था बुझ्न आवश्यक छ । यसै उद्देश्यको साथ PAL नेटवर्कले गणितको आधारभूत मापन १३ सदस्य राष्ट्रहरुमा लागू गर्नको लागी डिजाईन गरिएको हो । यस मापनको लागी, स्थानिय नागरिकहरुलाई छनौट गरिएको घरपरिवारहरुमा बालबालिकाहरुको मापन गर्ने तालिम दिईन्छ । जब हालको सिकाईको अवस्थाको थाहा हुन्छ तब मात्रै सिकाईको नतिजाहरुमा सुधार गर्ने प्रभावकारी कार्यहरुको योजना गर्न सकिन्छ ।

**नागरिक नेतृत्वमा गरिएको गणितीय मापन भनेको के हो ?**

**नागरिक नेतृत्वमा गरिएको गणितीय मापन भनेको**

- मकवानपुर जिल्लाको ६० गाँउमा स्थानिय सर्वेक्षणकर्ताहरुद्धारा असर नेपाल र समृद्ध समाजले कार्यान्वयन गरिरहेको
- १३ ओटा देशहरुका५ देखि १६ वर्ष सम्मकाबालबालिकाहरुमाएकैपटक मापन गरिँदै
- बालबालिकाहरुको गणितको आधारभूत क्षमता बुझ्न साधारण जाँच्ने प्रश्नपत्रहरुको प्रयोगद्धारा घरपरिवारमा नै गएरै उनीहरुको गणितको क्षमता मापन गर्न डिजाईन गरिएको हो ।

**पाल नेटवर्कका सदस्य संस्थाहरुको डाटाहरु कसरी प्रयोग भईरहेको छ ?**

पाल नेटवर्कको पछिल्लो डाटाहरुमा विश्व, राष्ट्, प्रदेश र स्थानिय स्तरमा वृहत रुपमा छलफलहरु भईरहेको छ । यसबाट आएका नतिजाहरुले सिकाई प्रक्रिया र नतिजा लक्षित नीति निमाणमा योगदान दिएको छ ।

## २. नागरिक नेतृत्वमा गरिएको गणितीय मापनको बारेमा

**उद्देश्यहरुः**

- गाँउको प्रमुखलाई CLAN प्रक्रियाको परिचयदिनु र सर्वेक्षणको क्रममाचाहिने आवश्यक सहकार्यको लागी अनुरोध गर्नु

**प्रयोगः**

- सर्वेक्षणपुस्तिकाको पहिलो पृष्ठ
- गाँउको प्रमुखलाई चिठ्ठी

### Step 1:

तपाईंको लागी तोकिएको गाँउमा जानुहोस् । एउटा गाँउमा दुई जनासर्वेक्षणकर्ताहरु जानु पर्नेछ ।

### Step 2:

गाँउमागईसके पछि, गाँउको प्रमुखलाई गएर भेट्नुहोस् र उहाँलाई चिठ्ठीदिनुहोस् । आफुले गाँउमागएरगर्नेगतिविधिहरु र PAL सञ्जालको साझामुल्याङ्कन गर्नुको उद्देश्यहरु भन्नुहोस् । तपाँईलाई अन्यव्यक्तिहरु पनिआएर गाँउमा गरेकोगतिविधिहरुको बारेमा सोध्न सक्छन्। आफुले सुरुमा भनेका कुराहरु नै भन्नुहोस् ।

### Step 3:

सर्वेक्षण पुस्तिकाको पहिलो पृष्ठमा जानकारीहरु भर्नुहोस् ।

सर्वेक्षणकर्ताले गाँउमासर्वेक्षणको काम सुरु गर्नु अघि निम्न जानकारीहरु भर्नु पर्नेछ ।

**गाँउको विवरण र सर्वेक्षण**

- **गाँउको कोडः** प्रशिक्षणको समयमा दिईएको ४ ओटा अंकको कोड जस्तै V101, V102, V103, आदि। याद गर्नुहोस् गाँउको कोड सबै गाँउको कोड फरक फरक छन् ।
- **गाँउको नाम :** आफु सर्वेक्षणको लागी गएको गाँउ,प्रशिक्षणको समयमा तपाईंको लागी तोकिएको गाँउमा जानुहोस्। यदि कुनै प्रश्नहरु छ भने तपाँईले Project Management Team (PMT) वा जिल्ला संयोजकसंग सोध्नुहोस्।
- **गाँउ प्रमुख वा गाउँका कुनै प्रतिनिधिको नाम :** गाँउको प्रमुख वा गाउँको कुनै प्रतिनिधि जस्लाई तपाँईले भेटेर जानकारीहरु दिनुहुन्छ ।
- **गाँउ प्रमुख वा गाउँका कुनै प्रतिनिधिको फोन नम्बर):** गाँउ प्रमुख वा गाउँका कुनै प्रतिनिधिको फोन नम्बर
- **सर्वेक्षण गरिएको पहिलो दिनको मिती:** गाँउमा सर्वेक्षण गरिएको पहिलो दिनको मिती
- **सर्वेक्षण गरिएको पहिलो बार :** गाँउमा सर्वेक्षण गरिएको पहिलो बार

| | | | |
|---|---|---|---|
| गाँउको कोड : | V101 | गाँउको नाम : | **राम कुमार शर्मा** |
| गाँउको प्रतिनिधिको नाम : | **चन्द्र बहादुर** | गाँउको प्रतिनिधिको सम्पर्क नम्बर : | 9843123456 |
| सर्वेक्षण गरिएको मिति (पहिलो दिन) : | **१० माघ २०७५** | सर्वेक्षणको गरिएको दिन (पहिलो दिन) : | **विहिबार** |

**सर्वेक्षणकर्ताको विवरण**

- सर्वेक्षणकर्ताको कोडः प्रशिक्षणको समयमा दिईएको ४ ओटा अंकको कोड जस्तै S101, S102, S103 आदि । दिइएको खाली ठाँउमा दुवै सर्वेक्षणकर्ताको कोड लेख्नुहोस् ।
- सर्वेक्षणकर्ताको नाम : दिइएको खाली ठाँउमा गाँउमा सर्वेक्षण गर्न गएका दुवैसर्वेक्षणकर्ताको नाम लेख्नुहोस् ।
- सर्वेक्षणकर्ताको फोन नम्बरः गाँउमा सर्वेक्षण गर्न गएका दुवैसर्वेक्षणकर्ताकोसम्पर्क नम्बरदिइएको खाली ठाँउमालेख्नुहोस् ।

| | सर्वेक्षणकर्ताको कोड | सर्वेक्षणकर्ताको नाम : | सर्वेक्षणकर्ताको सम्पर्क नम्बर : |
|---|---|---|---|
| १. | S101 | **बिजय श्रेष्ठ** | 9093123456 |
| २. | S101 | **संगिता दहाल** | 9841123456 |

**सर्वेक्षण गरिएको घरपरिवार र बालबालिकाहरुको विवरण**

गाँउमा सर्वेक्षण गरिसके पछि मात्र निम्न जानकारीहरु भर्नुपर्ने छ

- **सर्वेक्षण गरिएको जम्मा घरपरिवार संख्या:**प्रत्येक गाँउमा २० घरपरिवारहरुको सर्वेक्षण गरिने छ ।
- **घरमा कोहि नभएर वा घरको ढोका बन्द गरिएको घरपरिवारहरुको सट्टामा लिईएको अन्य घरपरिवारहरुको जम्मा संख्या ):** छनौट गरिएको घरपरिवारहरु सर्वेक्षण गर्ने क्रममा घरमा कोहि नभएर वा ढोका बन्द भएको अवस्थामा त्यसको सट्टामा अरुनै घरपरिवारहरु लिईएको संख्या हो। सर्वेक्षण सकिसके पछि यस्ता घरपरिवारहरुको संख्याहरु कति ओटा हुन्छन् |||| धर्सोहरु सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठमा लेख्नुहोस् , दिईएको खाली ठाँउमा यस्ता घरपरिवारहरुको जम्मासंख्या लेख्नुहोस् ।
- **सर्वेक्षणमा सहभागी हुन नचाहने घरपरिवारहरुको सट्टामा लिईएको अन्य घरपरिवारहरुको जम्मा संख्या :** यो छनौट गरिएको घरपरिवारहरु सर्वेक्षण गर्ने क्रममा उत्तरदाता वा घरमुलीले सर्वेक्षणमा सहभागी हुन नचाहेमा त्यसको सट्टामा अरुनै घरपरिवारहरु लिईएको संख्या हो ।सर्वेक्षण सकिसके पछि यस्ता घरपरिवारहरुको संख्याहरु कति ओटा हुन्छन् |||| धर्सोहरु सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठमा लेख्नुहोस् , दिईएको खाली ठाँउमा यस्ता घरपरिवारहरुको जम्मा संख्या लेख्नुहोस् ।
- **सर्वेक्षण गरिएको बालबालिकाहरुको जम्मा संख्या :** गाँउमा सर्वेक्षण गरिएका ५ देखि १६ वर्ष सम्मका बालबालिकाहरुको जम्मा संख्या
- **मापन गरिएको बालबालिकाहरुको जम्मा संख्या:** गाँउमा छनौटमा परेका सबै घरपरिवारहरुका मापन गरिएका ५ देखि १६ वर्ष सम्मका बालबालिकाहरुको जम्मा संख्या । सर्वेक्षण गरिएका सबै बालबालिकाहरुको मापन नहुन पनि सक्छ तर मापन नहुनुको कारण भने घरपरिवार सर्वेक्षणको पानामा भर्नुपर्नेछ ।

| | |
|---|---|
| सर्वेक्षण गरिएको घरपरिवारहरुको जम्मा संख्या | 20 |
| घरमा कोहि नभएर वा घरको ढोका बन्द गरिएको घरपरिवारहरुको सट्टामा लिईएको अन्य घरपरिवारहरुको जम्मा संख्या | \|\|\|\| \| 6 |
| सर्वेक्षणमा सहभागी हुन नचाहने घरपरिवारहरुको सट्टामा लिईएको अन्य घरपरिवारहरुको जम्मा संख्या | \|\|\| 3 |

| | |
|---|---|
| सर्वेक्षण गरिएको बालबालिकाहरुको जम्मा संख्या | 22 |
| जाँच गरिएका बालबालिकाहरुको जम्मा संख्या | 18 |

**अनुगमन, पुनः चेक जाँच र तथ्यांकहरुको इन्ट्री**

यो जानकारीहरु सर्वेक्षणकर्ताहरुले भर्नु पर्दैन

## ३. गाँउको जानकारीहरुको संकलन

| **उद्देश्यहरुः** | **प्रयोग गरिएको सामाग्रीः** |
|---|---|
| गाँउमा उपलब्ध आधारभुत सुविधाहरु अवलोकन र रेर्कड गर्न | सर्वेक्षण पुस्तिकामा भएको गाँउको जानकारी पृष्ठ |

गाँउको वरपर हिडँदै गर्दा, गाँउको जानकारी पृष्ठमा उल्लेखित सुविधाहरु हेर्नुहोस् , यदि तपाँईले सो कुरा देख्नुभयो भने मिल्ने बाकसमा ठिक चिन्ह दिनुहोस्

यदि तपाँइले सो कुराहरु सुरुमै देख्नु भएन भने त्यसपछि गाँउका रहेका मानिसहरुलाई सोध्नुहोस् तर आफैले प्रमाणित गरिसकेपछि मात्रै मिल्ने बाकसमा ठिक चिन्ह दिनुहोस् ।

विद्यालयहरुको जानकारीको लागी विद्यालयमा नै गएर आवश्यक कुराहरु प्रमाणित गर्नु होस्

**गाँउको जानकारी पृष्ठमा जानकारीहरु भर्न**

- **गाँउको कोड :** सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठमा भरिएको जस्तै ४ संख्या
- **गाँउको नाम :** सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठमा लेखिएको जस्तै

| गाँउको नाम | **सिरुबारि** |
|---|---|

गाँउमा भएका निम्न सेवासुविधाहरु आफैले देख्नु भयो? आफ्नो अवलोकनको आधारमा ठिक चिन्ह दिनुहोस्

- **V101: कालोपत्रे/ जुनसुकै मौसममा पनि गाँउ सम्म जाने बाटो –** कालो पत्रे,जुनसुकै मौसममा पनि गाँउ सम्म जाने बाटो , खाल्डा खुल्डि भयता पनि ग्राभेल, सिमेन्ट गरेकोवा कालो पत्रे गरिएको गाँउ सम्म जाने बाटो
- **V102: गाँउ सम्म जानको लागी सःशुल्क उपलबध सवारी साधन –** गाँउ सम्म जाने सार्वजनिक बस जस्तै सरकारी, सार्वजनिक बस वा अन्य कुनै सवारी साधन । तपाँई गाँउमा जाँदा यो सुविधा देख्नु भएन भने कृपया गाँउका अन्य व्यक्तिहरुसंग सोधेर प्रमाणित गर्नुहोस्
- **V103: के गाँउमा विद्युत जडान गरिएको छ –** पोल वा तारहरु कहाँ छन् हेर्नुहोस
- **V104: गाँउमा कुनै सरकारी, समुदायिक स्वास्थ्य चौकी छ) –** सरकारी स्वास्थ्य केन्द्रहरु जहाँ निशुल्क स्वास्थ्य सेवा प्रदान गरिन्छ
- **V105:** के गाँउमा निजी रुपमा दिईने स्वास्थ सेवा छ–कुनै पनि किसिमका स्वास्थ्य केन्द्रहरुहेर्नुहोस जस्लेनिजी रुपमा स्वास्थ्य सेवाहरु प्रदान गर्छ

**आधारभूत सुविधाहरु**

| प्र. नं. | गाउँमा उपलब्ध सुविधाहरु | के तपाँईले गाँउमा निम्न सेवा सुविधाहरु स्वयंम आफैले देख्नुभयो ? मिल्ने बाकसमा ठिक चिन्ह लगाउनुहोस् (आफ्नो अवलोकनको आधारमा छ, छैनमा ठिक (✓) चिन्ह लगाउनु होस्) कुनै पनि प्रश्नहरुमा खाली नछोड्नुहोस् | |
|---|---|---|---|
| | | छ | छैन |
| V101 | के त्यँहा सबै मौसममा गाँउ सम्म जाने कालोपत्रे बाटो छ ? | ✓ | |
| V102 | गाँउ सम्म जानको लागी सशुल्क उपलब्ध सवारी साधन छ ? | ✓ | |
| V103 | के गाँउमा विद्युत जडान गरिएको छ? | | ✓ |
| V104 | गाँउमा कुनै सरकारी, समुदायिक स्वास्थ्य चौकी छ? | ✓ | |
| V105 | के गाँउमा निजी रुपमा दिईने स्वास्थ सेवा छ? | | ✓ |

**V106: गाँउमा पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने कुनै विद्यालय छ–**पूर्व प्राथमिक शिक्षा भनेर मुख्यतया साना बालबालिकाहरुलाई विद्यालय जानु अघि विद्यालयको जस्तै वातावरणमा राखेर सुरुको विकासक्रमको संगठित निर्देशन दिनको लागी डिजाईन गरिएको घर र विद्यालयको बिच पुलको काम गर्छ। यदि गाँउमा कम्तिमा पनि एउटा पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने विद्यालय छ भने छ मा ठिक चिन्ह लगाउनुहोस् र छैन भने छैनमा ठिक चिन्ह लगाउनुहोस्

- **V107 : यदी V106 मा छ भने, गाँउमा कुन प्रकारको विद्यालयले पूर्व प्राथमिक शिक्षा प्रदान गरेको छ? मिल्ने जति सबैमा ठिक चिन्ह लगाउनुहोस्**
- **V108: भएका विद्यालयहरुको जम्मा संख्या (अंकमा लेख्नुहोस्,यदि कुनै किसिमको विद्यालय छैन भने ० लेख्नुहोस्] –**गाँउमा भएका विद्यालयहरुको जम्मा संख्या (अंकमा लेख्नुहोस्) यस प्रश्नले गाँउमा भएका विद्यालयहरुको किसिम र संख्याको बारेमा जानकारी दिन्छ। गाँउमा भएका प्रत्येक किसिमको विद्यालयहरुको संख्या उल्लेख गर्नुहोस् ।

## विद्यालयहरु

| V106. गाँउमा पूर्व प्राथमिक शिक्षा प्रदान गर्ने कुनै विद्यालय छ ? | छ | छैन |
|---|---|---|
| | ✓ | |

| V107. यदी V106 मा छ भने, गाँउमा कुन प्रकारको विद्यालयले पूर्व प्राथमिक शिक्षा प्रदान गरेको छ? (मिल्ने जति सबैमा ठिक चिन्ह लगाउनुहोस्) | सरकारी / सामुदायिक | निजी | अन्य |
|---|---|---|---|
| | ✓ | ✓ | |

| V108. गाँउमा भएका विद्यालयहरुको जम्मा संख्या (अंकमा लेख्नुहोस्,यदि कुनै किसिमको विद्यालय छैन भने ० लेख्नुहोस्) | सरकारी / सामुदायिक | निजी | अन्य |
|---|---|---|---|
| | 3 | 1 | 0 |

विद्यालयहरुको जम्मा संख्याहरु सुचित गरिसके पछि, अर्को चरणमा विद्यालयहरुमा भएको कक्षाहरुको बारेमा जानकारी लिने

**नेटः सरकारी विद्यालयबाट सुरु गरी सबै भन्दा धेरै कक्षा पढाई हुने बढिमा ५ ओटा विद्यालयहरुको जानकारी भर्नुहोस्**

सबैसरकारी विद्यालयहरुमा पढाई हुने सबै भन्दा माथिल्लो कक्षा र तल्लो कक्षाहरु भरिससके पछि गाँउमा भएका अरु विद्यालयहरुको जानकारीहरु भर्नुहोस्

**विद्यालय १ को जानकारीहरु**

| V109. विद्यालयको प्रकार (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) | सरकारी /सामुदायिक | निजी | अन्य | V110. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा सानो कक्षा | 1 | V111. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा ठुलो कक्षा | 5 |
|---|---|---|---|---|---|---|---|
| | ✓ | | | | | | |

**विद्यालय २ को जानकारीहरु**

| V112. विद्यालयको प्रकार (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) | सरकारी /सामुदायिक | निजी | अन्य | V113. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा सानो कक्षा | 6 | V114. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा ठुलो कक्षा | 8 |
|---|---|---|---|---|---|---|---|
| | ✓ | | | | | | |

**विद्यालय ३ को जानकारीहरु**

| V115. विद्यालयको प्रकार (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) | सरकारी /सामुदायिक | निजी | अन्य | V116. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा सानो कक्षा | 9 | V117. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा ठुलो कक्षा | 12 |
|---|---|---|---|---|---|---|---|
| | ✓ | | | | | | |

**विद्यालय ४ को जानकारीहरु**

| V118. विद्यालयको प्रकार (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) | सरकारी /सामुदायिक | निजी | अन्य | V119. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा सानो कक्षा | 0 | V120. विद्यालयमा सञ्चालन गरिने सबै भन्दा ठुलो कक्षा | 8 |
|---|---|---|---|---|---|---|---|
| | | ✓ | | | | | |

**V124: तपाँईलाई तपाईको गाँउमा शिक्षाको गुणस्तरमा सुधार गर्नको लागी के गर्नु पर्छ जस्तो लाग्छ ? ( गाँउ प्रमुख वा गाँउको कुनै प्रतिनिधिलाई सोध्नुहोस्** – यो प्रश्नले गाँउ प्रमुख वा गाँउको कुनै प्रतिनिधिको शैक्षिक गुणस्तर सुधारको बारेमा उनीहरुको राय लिने उद्देश्य राखेको छ । यस प्रश्नमा, उत्तरदाताले भनेको कुराहरु थप घट नगरी जस्ताको तेस्तै लेख्नुहोस् ।

तपाँईले गाँउ पुरै डुलिसके पछि, यदि गाँउको जानकारी पानामा उल्लेख भएको कुनै सुविधाहरु देख्नु भएन भने छैन भनिएको बाकसमा ठिक चिन्ह दिनुहोस् । सबै सुविधाहरुमा छ वा छैनमा चिन्ह लगाउनु पर्नेछ ।

## ४. गाँउको नक्सांकन, बस्तीहरुको विभाजन र घरपरिवारको नमुना छनौट)

| उद्देश्य: | प्रयोग गर्ने सामाग्री: |
| --- | --- |
| ● गाँउको नक्सा बनाएर चार भागमा विभाजन गर्ने र प्रत्येक भागबाट २० ओटा घरपरिवारहरु छान्ने | ● सर्वेक्षण पुस्तिकाको गाँउको नक्सा पृष्ठ |

**नक्साङ्कन**

**चरण १**

**नमुना नक्सा अर्कै कागजमा बनाउनुहोस्**: गाँउमा यताउती डुल्दै गर्दा धेरै जानकारीहरुको लागी गाँउका मानिसहरुसंग कुराकानी गर्नुहोस् र निम्न प्रश्नहरु सोध्नुहोस्

- यो गाँउ कहाँबाट सुरु भएर कहाँ सम्म फैलिएको छ ?
- गाँउमा कति ओटा टोल तथा बस्तीहरु छन र कहाँ कहाँ छन्

गाँउका स्थानिय युवाहरुलाई गाँउको वरपर घुमाउनको लागी अनुरोध गर्न पनि सक्नुहुन्छ । गाँउमा हिँडदै गर्दा, गाँउको बसोबास बुझ्न एउटा सादा कागजमा नमुना नक्सा बनाउनुहोस् । नक्सामा विद्यालय, स्वास्थ्य केन्द्र, मन्दिर, मस्जिद, चर्च, खोलानाला, बस स्टप, पसल जस्ता मुख्य कुराहरु नक्सामा राख्न स्थानिय बासिन्धाहरुको सहयोग लिनुहोस् । गाँउ हुँदै जाने मुख्य सडक, बाटो, मार्गहरुलाई नक्सामा राम्ररी देखाउनुहोस् । गाँउको जानकारी पृष्ठमा रेर्कड गरिएका विद्यालयहरुलाई नक्सामा देखाउन चिन्ह लगाउनुहोस्।

**चरण २**

जब गाँउका सबै मानिसहरुले नक्सा ठिक भएको र यस्ले गाँउलाई प्रतिनिधित्व गर्ने कुरामा सहमत भए भने, र तपाँई गाँउ पुरै डुल्दाको अनुभवसँग पनि नक्सा मिल्यो भने सो नक्सालाई यस सर्वेक्षण पुस्तिकाको गाँउको नक्सा लेखिएको पृष्ठमा सार्नुहोस् ।

**चरण ३**

**नक्सालाई बस्तीहरुमा भाग लगाएर, प्रत्येक बस्तीबाट घरपरिवारहरु छान्ने**: नक्सा बनाईसके पछि गाँउलाई बिभिन्न बस्तीमा विभाजन गर्नुहोस् जस्ले गर्दा सबै भागबाट २० ओटा घरपरिवार छान्न सजिलो होस् ।

यो काम कसरी गर्ने भन्ने कुरा गाँउमा भएको जनसंख्यामा भर पर्छ । तपाँईले निम्न अवस्थाहरु पाउन सक्नु हुनेछ ।

**१. लगातार र अत्याधिक घरहरु भएको गाँउ (चित्र नं १ हेनुहोस्):**

- गाँउलाई भौगोलिक रुपमा लगभग बराबर हुने गरी ४ भाग लगाउनुहोस् र नक्सामा प्रत्येक बस्तीलाई नम्बर दिनुहोस् ।
- ४ ओटा भागहरुमा प्रत्येक भागहरुबाट २० ओटा घरपरिवारहरु छान्नुहोस्।

२. ह्यामलेट वा बस्तीहरु भएको गाँउमा**]:**

- यदि गाँउमा
    - २ ओटा बस्तीहरु भएको: प्रत्येक बस्तीलाई २ भागमा विभाजन गर्दा ४ ओटा भागहरु हुन्छन् र प्रत्येक भागबाट ५ ओटा घरहरु छान्नुहोस्।
    - ३ ओटा बस्तीहरु भएको: यसमा तपाँईले ७, ७ र ६ ओटा घरहरु क्रमश छान्नु हुनेछ ।
    - ४ ओटा बस्तीहरु भएका: प्रत्येक बस्तीबाट ५ घरपरिवारहरु छान्नुहोस्।
    - ४ ओटा भन्दा बढि बस्ती भएको:४ ओटा बस्तीहरु छान्नुहोस् र प्रत्येक बस्तीबाट ५ ओटा घरपरिवारहरु छान्नुहोस् । आफूले छानेका बस्तीहरुलाई नक्सामा चिन्ह लगाउनुहोस् । (चित्र नं २ मा  हेर्नुहोस्):
- नक्साको प्रत्येक भागमा १,२, ३ र ४ नम्बर दिनुहोस्




Figure: Continuous village





Figure 2: Village with more than four hamlets

## घर र घरपरिवार बीचको फरक

घर भनेको मानिसहरु बसोवास गर्ने भौतिक संरचना हो । घरपरिवार भन्नाले एउटै घरमा नियमित वसोवास गर्ने र भान्छा तथा आर्थिक कारोबार संगोलमा गर्ने मानिसहरुको समुह हो । यी मानिसहरु सामान्यतया एउटै भान्छामा पकाउने अनि खाने गर्छन । हरेक घरमा जाँदा, त्यहाँ कतिवटा भान्छा छ भनेर सोध्नुहोस । यदि एक भन्दा धेरै भान्छा रहेछ भने उक्त उत्तरदाताको भान्छा भएको परिवारलाई छनौट गर्नुहोस । याद गर्नुहोस उक्त उत्तरदाता वयस्क व्यक्ति हुनुपर्नेछ ।

**तपाँईले छानेका वा भाग लगाएका ४ वटा बस्तीबाट ५ ओटा घरपरिवारहरु छान्नुपर्दछ । त्यसका लागि निम्न प्रक्रियाहरुपुरा गर्नु पर्नेछ :**

- एउटा बस्तीको भागमा जानुहोस्, त्यो भागको पनि मध्य भाग पत्ता लगाउनुहोस् । मध्य भागमा रहेर आफ्नो बायाँ तिरको पहिलो घर लिएर त्यँहाबाट पहिलो सर्वेक्षण सुरु गर्नुहोस्।
- त्यसपछि प्रत्येक पाचौं घरपरिवार छान्नु पर्नेछ, भन्नुको अर्थ पहिलो घरपरिवारको सर्वेक्षण गरिसकेपछि ४ ओटा घर छोडेर पाचौं घर छान्नुहोस्। घरपरिवार छान्ने क्रममा आवासिय घरहरु मात्र छान्नुहोस र तपाई हिडेको बाटोमा ढोका वा मुलगेट भएको घर लिनुहोस ।
- यदि ५ ओटा घरको सर्वेक्षण सकिनु अगाडीनै त्यो बस्तीको छेउमा पुग्नु भयो भने,त्यो बस्तीको फेरि सुरु भएको तर्फनै लगातार ५ औ घरको नियम प्रयोग गर्नुहोस् तर कुनै पनि घर दोहोऱ्याउन हुदैन । यदि पुनः छान्ने क्रममा फेरि सर्वेक्षण गरिसकेको घरनै पऱ्यो भने त्यो घरसंगैको अर्को घरमा जानुहोस्, र त्यो भागमा ५ घरपरिवारको सर्वेक्षण नसकिएसम्म त्यो प्रक्रिया निरन्तर गर्नुहोस् ।
- यदि कुनै पनि बस्तीमा ५ ओटा भन्दा कम घरहरु छन् भने, त्यो बस्तीको सबै घरपरिवारहरुको सर्वेक्षण गरेर अरु भागमा बाँकि भएका घरहरुको सर्वेक्षण गर्नुहोस् ।
- यदि कुनै गाँउमा २० अथवा त्यो भन्दा कम घरहरु छन् भने सबै घरहरुको सर्वेक्षण गर्नुहोस्।

## विशेष परिस्थितीहरु

१. **बालबालिकाहरु नै नभएको घरपरिवारहरु :**यदि छनोटमा परेका कुनै पनि घरपरिवारमा ५ देखि १६ वर्षसम्मका बालबालिकाहरु नै छैनन् तर त्यँहा अरु बासिन्दाहरु छन भने,त्यो घरपरिवारलाई पनि सर्वेक्षणमा समावेश गर्नुहोस् र H201 देखि H223 सम्मका प्रश्नहरु बाहेकघरपरिवार सर्वेक्षण पृष्ठमा भएका सबै जाकारीहरु भर्नुहोस्।

२. **घरको ढोका बन्द भएको**ः यदि छनोट गरिएको घरको ढोका बन्द भएको वा घरमा कोहि नभएमा, सर्वेक्षण पुस्तिकाको ढोका बन्द घरको सट्टामा अरुनै घरपरिवारहरु लिईएको संख्या भन्ने बाकसमा धर्सो चिन्ह दिनुहोस् । **यो घर सर्वेक्षण गरिएको घरपरिवारहरुको गन्तीमा पर्दैन। यसलाई घरपरिवार सर्वेक्षण पृष्ठमा समावेश नगर्नुहोस् ।** संगैको अर्को घरमा जानुहोस् । सर्वेक्षण सकिसकेपछि , ट्याली चिन्हहरु गनेर यस्ता घरपरिवारहरुकोजम्मा संख्या सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठको दिईएको बाकसमा लेख्नुहोस् ।

३. **सर्वेक्षणमा सहभागी हुन नचाहने घरपरिवार:**यदि छनोट गरिएको घरपरिवारले सर्वेक्षणमा सहभागी हुन नचाहेमा, सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठकोसर्वेक्षणमा सहभागी हुन नचाहने परिवार संख्याको सट्टामा लिईएको घरपरिवार को तलको बाकसमा ट्याली चिन्हहरु दिनुहोस्। **यो घर सर्वेक्षण गरिएको घरपरिवारहरुको गन्तीमा पर्दैन। यसलाई घरपरिवार सर्वेक्षण पृष्ठमा समावेश नगर्नुहोस् ।** संगैको अर्को घरमा जानुहोस् । सर्वेक्षण सकिसकेपछि , ट्याली चिन्हहरु गनेर यस्ता घरपरिवारहरुको जम्मा संख्या सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठको दिईएको बाकसमा लेख्नुहोस् ।

पहिलो भागमा ५ ओटा घरपरिवारहरुको सर्वेक्षण सकिसके पछि अर्को भागमा सर्वेक्षण सुरु गर्नुहोस्। सर्वेक्षण गर्नु पर्ने सबै भागहरुमा यहि प्रक्रियालाई दोहोऱ्याउनुहोस् ।

**नोटः याद राख्नुहोस् बालबालिकाहरु घरपरिवारमै हुने समयमा जानुहोस्। तपाँई घरपरिवारमा जाँदा स्कूल छुट्टी भए पछि /छुट्टीको दिन /सनीबार बिहान वा बेलुका पारेर जानु पर्ने हुन्छ ।**

.

## ५. घरपरिवारमा गईसकेपछि के गर्ने

| उद्देश्य: | प्रयोग गर्ने सामाग्री: |
| --- | --- |
| • छनोट गरिएको घरपरिवारहरुको आवश्यक सबै जानकारीहरु संकलन गर्न | • घरपरिवार सर्वेक्षण पृष्ठ भाग १ |

### घरपरिवारमा प्रवेश

प्रत्येक घरपरिवारमा गईसके पछि निम्न कुराहरु गर्नु पर्ने हुन्छ:

१. तपाँईले बनाउनु भएको नक्साको को सम्बन्धित भागको सो घर सही हो भनेर निश्चित गर्नुहोस्
२. उत्तरदातालाई आफ्नो परिचय दिनुहोस् ।
३. तपाँईलाई घरभित्र नबोलाईन पनि सक्छ, त्यसो भएमा बस्नको लागी कुनै सजिलो स्थान हेरेर बाहिर बस्नुहोस्।
४. PAL नेटवर्कको मापनको बारेमा, नेपालमा यस्ले गरेको कार्यहरु र आफू घरपरिवारहरुमा जानुको कारण बुझाउनुहोस्।
५. उत्तरदाता वा घरका कुनै सदस्यहरुको मुल्याङ्कनको बारेमा कुनै पनि प्रश्नहरु छन् भने त्यसको उत्तर दिनुहोस् ।
६. घरपरिवारको जानकारीहरु रेर्कड गर्दा अनुमतिमागनुहोस्। अनुमति दिएपछि मात्र सर्वेक्षण सुरु गर्नु पर्ने हुन्छ ।
७. उत्तरदातासंग अन्तर्वाता लिनुहोस् र ५ देखि १६ वर्ष सम्मका बालबालिकाहरुको जानकारी रेर्कड गर्नुहोस् ।
८. छनोट गरिएको घरपरिवारमा नियमित रुपमा बसोबास गर्ने ५ देखि १६ वर्षसम्मका सबै बालबालिकाहरुको मुल्याङ्कन गर्नुहोस्।.

**सर्वेक्षण र घरपरिवारको बारेमा समान्य जानकारी**

सर्वेक्षणको बारेमा सामान्य जानकारी भर्नुहोस्

**गाँउको नाम:** सर्वेक्षण पुस्तिकाको बाहिरी पृष्ठमा लेखिएको जस्तै

**सर्वेक्षण गरिएको मिती:**घरपरिवारमा गएको मिती

**सर्वेक्षण गरिएको बार:** घरपरिवारमा गएकोबार

**सर्वेक्षण सुरु गरेको समय:**घरपरिवारको सर्वेक्षण सुरु गर्नुको समय । घरपरिवारमा गएर केही गर्न सुरु गर्नु भन्दा अघिको समय भर्नुहोस्।

**सर्वेक्षण सकिएको समय:**घरपरिवारमा सर्वेक्षण गरेर सकेको समय। यो जानकारीहरु घरपरिवारमा सर्वेक्षण पाना भाग २ मा भर्नु पर्ने छ । सवै पानामा सर्वेक्षणको सबै कामसकिसकेपछि भनुपर्ने छ । **कृपया यी जानकारीहरु भर्न नबिर्सिनु होला ।**

| | |
| --- | --- |
| **गाँउको नाम:** सिरुबारि | **सर्वेक्षण गरिएको मिती:** १० माघ २०७५ |
| **सर्वेक्षण गरिएको बार:** विहिबार | **सर्वेक्षण सुरु गरिएको समय:** ७:२२ |

घरपरिवारको सामान्य जानकारीहरु घरपरिवारसर्वेक्षण पृष्ठ भाग १ मा भर्नुहोस्

- **H101. घरपरिवारको संख्या** :घरपरिवार नम्बर वा कतिऔ घरपरिवार हो त्यो नम्बर लेख्नुहोस् । छनोटमा परेको पहिलो घरलाई 1 , सर्वेक्षण गरिएको दोस्रोलाई 2 नम्बर गर्दै 20 नम्बर सम्म गर्नुहोस् ।
- H102.**नक्सामा बनाईएका बस्तीका भागहरुलाई दिईएको नम्बर**: नक्सामा घर भएको ठाँउ ।
- **H103.उत्तरदाताको नाम:** सर्वेक्षणको समयमा घरमा उपस्थित भएर तपाँईलाई जानकारीहरु दिने वयस्क व्यक्तिनै उत्तरदाता हो।
- **H104.घरमुलीको नाम :** घरमुलीको पुरा नाम लेख्नुहोस् । यो व्यक्ति नै तपाँईको उत्तरदाता पनि हुन सक्छ ।

| H101. घर नम्बर: (1-20) लेख्नुहोस् | H102. गाँउको नक्साको पानामा दिइएको बस्ती नम्बर : | H103. उत्तरदाताको नाम : | H104. घरमुलीको नाम : |
| --- | --- | --- | --- |
| 2 | 6 | राजु क्षेत्री | बिर बहादुर क्षेत्री |

- **एउटै भान्साबाट खाना खाने घरपरिवारमा रहेकासदस्यहरु**
    - **H105. 0 देखि १७ वर्ष सम्म** यो प्रश्न उत्तरदातासंग सोधेर संख्यामा लेख्नुहोस् ।
    - **१८ वर्ष र सो भन्दा माथी** यो प्रश्न उत्तरदातासंग सोधेर संख्यामा लेख्नुहोस् ।

- ○ **H106** यो प्रश्न सोध्दा उत्तरदातालाई जवाफ दिन पर्याप्त समय दिनुहोस्। याद गर्नुहोस्, उत्तरदाताले सोहि घरपरिवारमा नियमित रुपमा बसोबास गर्ने सदस्यहरु मात्रै गनेको होस्।
- ○ **H107.**जम्मा **H105.**र **H106.**मा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् र ठिक छ छैन भनेर निश्चित गर्नुहोस् । **अर्को प्रश्नमा जानु भन्दा पहिला H107=H105+ H106 भयो कि भएन हेर्नुहोस् ।**

**उत्तरदातालाई प्रश्नको उतर दिन पर्याप्त समय दिनुहोस् । उत्तरदाताले सोहि घरपरिवारमा नियमित रुपमा बसोबास गर्ने सदस्यहरु सबैलाई गनेको होस् ।**

- **H107.**जम्मा **H105.**र **H106.**मा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् र ठिक छ छैन भनेर निश्चित गर्नुहोस् । **अर्को प्रश्नमा जानु भन्दा पहिला H107=H105+ H106 भयो कि भएन हेर्नुहोस् ।**
- **H108.घरपरिवारको टेलिफोन वा मोबाईल नम्बरः** उत्तरदातालाई घरको टेलिफोन वा मोबाईल नम्बर दिनको लागी आग्रह गर्नुहोस् । उत्तरदातालाई दिईएको टेलिफोन वा मोबाईल नम्बर अन्य कुनै व्यक्तिलाई दिईने छैन भनेर बुझाउनुहोस्। यदि घरमा टेलिफोन वा मोबाईल नम्बर छैन भने यो प्रश्नमा ० लेख्नुहोस् ।

| घरपरिवारमा नियमित रुपमा बसोबास गर्ने सदस्यहरु | | |
|---|---|---|
| H105. ०-१७ वर्ष सम्मका | H106. १८ वर्ष वा सो भन्दा माथी | H107. सदस्यहरुको जम्मा संख्या |
| 5 | 2 | 7 |

| H108. घरको फोन, मोबाईल नम्बर |
|---|
| 98494567889 |

**नेटः घरपरिवारमा नियमित रुपमा बसोबास नगर्ने व्यक्तिको कुनै पनि जानकारीहरु घरपरिवार सर्वेक्षण पृष्ठमा लेखिने छैन्**

**बालबालिकाहरुको पहिचान**

छनोट गरिएको घरपरिवारबाट ५ देखि १६ वर्ष सम्मका नियमित रुपमा घरपरिवारमा बसोबास गर्नेबालबालिकाहरुको बारेमा जानकारीहरु संङ्कलन गर्नुहोस्। यीबालबालिको पहिचान जानकारी गर्न उत्तरदाता वा घरकाहरु सदस्यहरुको सहयोग लिनुहोस्।

**बालबालिकाहरुको छनोट गर्ने नियम :**

- सबै बालबालिकाहरु समावेश गर्नुहोस् जो:
- ○ **सर्वेक्षण गर्ने समयमा घरमा थिएनः** प्राय बालबालिकाहरु घरायसी काममा, खेतबारीमा वा खेल्न गएका हुन सक्छन् । यदि बालबालिकाहरु घरमा छैनन् तर कतै नजिकै छन भने, नाम, उमेर र शिक्षाको अवस्थाको बारेमा जानकारी लिनुहोस्। बालबालिकाहरुसंग आफैं कुरा गर्नको लागीघरको कुनै सदस्यलाई बालबालिकाहरुलाई बोलाउन लगाउनुहोस् । यदि बालबालिकाहरु आउन मानेनन् भने त्यो कुराको टिपोट गरेर अरु घरपरिवारको सर्वेक्षण सकिसकेपछि फेरी जानुहोस् ।
- ○ यदि घरमा नियमित रुपमा बसोबास गर्नेकुनैबालबालिकाहरु छन् तर सर्वेक्षणको क्रममा गाँउ भन्दा बाहिर छन् भने उसको मुल्याङ्कन नभए पनिसबै जानकारीहरुलिनुहोस्। यसो भएमा **H221 मा छैन लेखेर** बालबालिकाहरु मापनको क्रममा अनुपस्थित हुनुका कारणहरु भने **H222** मा मिल्नेमा ठिक चिन्ह दिनुहोस् ।
- ○ **नातेदार तर सोहि घरपरिवारमा नियमित रुपमा बसोबास गर्नेः** यस्ता बालबालिकाहरुलाई मापननमा समावेश गराउनुहोस् किनभने उनीहरु दैनिक रुपमा त्यहि घरपरिवारमा बसोबास गर्छन। तर उनीहरुको अभिभावकहरु सोहि घरमा नियमित रुपमा बसोबास गर्दैनन् भने त्यो जानकारीहरु भने राख्नु पर्दैन।
- ○ **हुर्केका बालबबालिकाः** प्रायजसो ११ देखि १६ वर्षकालाई बालबबालिकाहरुलाई, बच्चा मानिदैन । यस्तो परिस्थितीमा बालबबालिकाहरु भनेर उल्लेख नगर्नुहोस्।यो उमेर समुहका कोही पनि बालबालिकाहरु नछुटाउनको लागी घरपरिवारमा बस्ने सबै जनाको बारेमा सोध्नुहोस् । हुर्केका बालबबालिकाहरु जस्लाई सामान्य हिसाब गर्न आँउदैन उनीहरु जाँच्ने कुरामा लजाउने र हिचकिचाउने गर्छन्। यस्तो कुराहरुलाई संवेदनशिल भई बुझाउनुहोस् ।
- **यस्ता बालबालिकाहरुलाई समावेश नगनुहोस् जो**
  - ○ **नियमित रुपमा घरपरिवारमा बसोबास गर्दैननः** यस्ता बालबालिकाहरुलाईसमावेश नगर्नुहोस् जो घरपरिवारमा नियमित रुपमा बसोबास गर्दैनन् । उदाहरणको लागी बालबालिकाहरु जो अन्य कुनै सहरमा बसेर काम गरिरहेका, अरु कुनै गाँउ वा रहरमा पढिरहेका, बालबालिकाहरु जस्को बिहे भएर अरु कुनै स्थानमा बसोबास गरिरहेका छन् ।यदि यस्ता बालबालिकाहरु सर्वेक्षणको समयमा घरमै भएपनि उनीहरुको जानकारीहरु घरपरिवार सर्वेक्षण पृष्ठमा रेर्कड नगर्नुहोस् ।

- बालबालिकाहरु जो छोटो समयको लागी आफन्तहरु वा आफ्नो साथीहरुकोमा आएका छन् र जो नियमित रुपमा सोहि घरपरिवारमा बसोबास गर्दैनन्त्यस्ता बालबालिकाहरुलाई समावेश नगर्नुहोस् ।

धेरै बालबालिकाहरु जिज्ञासाको कारण तपाँईसंग आएर मापनमा सहभागीहुन चाहन सक्छन्। जो बालबालिकाहरु मापनमा सहभागी हुन चाहन्छन उनीहरुलाई निराश नपार्नुहोस्।तपाँईहरु उनीहरुसंग छलफल गर्न सक्नुहुन्छ । तर डाटा वा जानकारीहरु भने छनोटमा परेको घरपरिवारहरुको मात्र रेकर्ड गर्नुहोस् ।

**घरपरिवारमाा बसोबास गर्ने बालबालिका र वस्यकहरुको बारेमा जानकारी**

अबसर्वेक्षण गरिने बालबालिकाहरुको पहिचानभईसकेपछि, प्रत्येक बालबालिकाहरुको बारेमा के के जानकारीहरु लिने भनेर बुझौं

**याद राख्नुहोस् एक जना बच्चाको लागी घरपरिवार सर्वेक्षण भाग १ को पानाको एउटा लाईनको पुरै प्रयोग गरिने छ ।**

**सामान्य जानकारीहरु**

- **H201. बालबालिकाको संख्या –** १ देखि ६ सम्म सुरुमै प्रिन्ट गरिएको छ । एउटै घरपरिवारका सर्वेक्षण गरिएका प्रत्येक बच्चाहरुलाई फरक फरक संख्या दिईने छ ।
- **H202.** बालबालिकाको नाम – बालबालिकाको पुरा नाम लेख्नुहोस् ।
- **H203. उमेर–** बालबालिकाले पुरा गरेको उमेर अकंमा लेख्नुहोस्
- **H204. लिङ्ग –** केटिहरुको लागी ‘म’ र केटाहरुको लागी ‘पु’ लेख्नुहोस् ।

| H201. बालबालिकाको संख्या | H202. बालबालिकाको नाम (नियमित रुपमा घर परिवारमा बसोबास गर्ने ५ देखी १६ वर्षका सबै बालबालिकाहरुलाई सहभागी गराउनुहोस्) | H203. उमेर | H204. लिङ्ग (म, पु) |
|---|---|---|---|
| 1 | **मिनु क्षेत्री** | 12 | **म** |
| 2 | **सन्तोश क्षेत्री** | 14 | **पु** |
| 3 | | | |
| 4 | | | |
| 5 | | | |
| 6 | | | |

**अपाङ्गतासम्बन्धि गरिने प्रश्नहरु**

**सर्वेक्षणकर्ताहरुको बुझाईको लागि:**अपाङ्गता भनेको मानव शरिरमा रहेका ज्ञानेन्द्रियहरुमा हानी हुनु वा पूर्ण रुपमा काम नगर्नु हो।कुनैअपाङ्गता जन्मिदा नै भएको हुन्छ भने कुनै दुर्घटनाको कारण हुने गर्छ । अपाङ्गता भएका बालबालिकाहरुलाई आफ्नो कार्यहरु गर्न अरुको सहयोग चाहिने हुन्छ वा ।

**सर्वेक्षण गरिएका बालबालिकाहरुका निम्न प्रश्नहरु उनीहरुको अभिभावकहरुलाई सोध्दा राम्रो हुनेछ ।यदिअभिभावकहरु नभएमाउत्तरदातालाई नै प्रश्नहरुसोध्न सकिन्छ। <u>कृपया निम्न प्रश्नहरु सोध्दा संवेदनशील हुन आवश्यक हुनेछ ।</u>**

- **H205. के बच्चामा कुनै किसिमको अपाङ्गता छ** ?तपाँईले अपाङ्गता के हो भनेर बुझाउनु पर्ने हुन सक्छ । उत्तरदाताको जवाफ अनुसार छ वा छैनमा मा ठिक चिन्ह लगाउनुहोस्
- **H206** यदिH205.मा yes छ भने कुन प्रकारको अपाङ्गता?
  - **हेराईमा –** कुनै पनि वस्तुहरु प्रष्टदेख्न वा चस्मा लगाईसके पनि देख्नमा मा समस्या
  - **सुन्नमा वा बोल्नमा - ,** कसैले बोलेको सुन्न,नजिकै हुँदा पनि आवाज सुन्न गाह्रो हुनु, वा हियरिङ्ग एड को प्रयोगले सहायताले पनि सुन्न असमर्थ हुनु
  - **शरिरीक -** हिँडडुल गर्नमा समस्या वा बच्चाले कुनै किसिमको हिँडडुल गर्न बैसाकी, वाकर वा ह्वीलचियर प्रयोग गर्छ
  - **मनसिक -** कुनै कुराहरु सम्झनमा समस्या, आफ्नो हेरविचार गर्न असमर्थ हुनु, वा व्यवहारमा थुप्रै परिवर्तनहरु हुनु उदाहरणको लागी अटिजम, सुस्त मनसथिती र मस्तिष्क पक्षघात आदि

| H205. के बालबालिकामा कुनै किसिमको अपाङ्गता छ? | | H206. यदि H205 मा छ भने, कुन किसिमको अपाङ्गता हो?(मिल्ने जति सबैमा ठिक चिन्ह दिनुहोस्) | | | | H207. यदि H205 मा छ भने, अपाङ्गता प्रमाणित गर्ने कुनै कागज पत्र छ ? | |
|---|---|---|---|---|---|---|---|
| छ | छैन | हेराइ | सुनाइ | शारिरिक | मानसिक | छ | छैन |
| | ✓ | | | | | | |
| ✓ | | | ✓ | | | ✓ | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

- **H207.** यदिH205. मा yes छ भने अपाङ्गता प्रमाणित गर्ने कुनै कागजपत्र

छ?उत्तरदाताकोजवाफ अनुसारyes वा No मा ठिक चिन्ह लगाउनुहोस्

**पूर्व प्राथमिक शिक्षा सम्बन्धि प्रश्नहरु**

**सर्वेक्षणकर्ताहरुको बुझाईको लागि::** पूर्व प्राथमिक शिक्षा भनेर मुख्यतया साना बालबालिकाहरुलाई विद्यालय जानु अघि विद्यालयको जस्तै वातावरणमा राखेर सुरुको विकासक्रमको संगठित निर्देशन दिनको लागी डिजाईन गरिएको घर र विद्यालयको बिच पुलको काम गर्छ। बच्चाको हालको र विगतको अवस्था हेरेर कुनै एकमा चिन्ह लगाउनुहोस्।

- **H208. के** बालबालिकालाई पूर्व प्राथमिक शिक्षामा कहिले भर्ना गरेको छ ? (

बालबालिकाहरुको पहिलेको र हालको शैक्षिक तहमा आधारित भएर कुनै एकमा ठिक लगाउनुहोस्

- पूर्व प्राथमिक शिक्षा कहिले पनि नपढेको
- कक्षा एक भन्दा पहिले पढेको
- हाल पूर्व प्राथमिक कक्षामा पढिरहेको

| H208. बालबालिकाको पूर्व प्राथमिक शिक्षाको बारेमा जानकारी ? (कुनै एकमा ठिक लगाउनुहोस्) | | |
|---|---|---|
| कहिले भर्ना गरेको छैन | पहिले पढेर सकेको | हाल पूर्व प्राथमिक शिक्षामा पढ्न गईरहेको |
| ✓ | | |
| ✓ | | |
| | | |
| | | |
| | | |
| | | |

**हाल विद्यालयर पूर्व प्राथमिक कक्षामा पढिरहेको बालबालिकाहरुको लागी**

हाल विद्यालय गईरहेका र पूर्व प्राथमिक कक्षामा पढिरहेका ५ देखि १६ वर्ष सम्मका सबै बालबालिकाहरुलाई निम्न प्रश्नहरु सोध्नुहोस्।

- **H209.कक्षा** : बालबालिकाहरुले हाल पढिरहेको कक्षा लेख्नुहोस्। अंकमा लेख्नुहोस्। पूर्व प्राथमिक कक्षा (नर्सरी, एल केजी, यूकेजी ) को लागी ० लेख्नुहोस्।

- **H210.** विद्यालयको प्रकार कुनै एउटामा मात्र चिन्ह लगाउनुहोस्
  - सरकारी
  - निजी
  - अन्य

  **H211.** के बालबालिकाले अहिले स:शुल्क टियूसन कक्षा पढिरहेको छ?- बालबालिकाहरुले टियूसन पढछन् भनेर उत्तरदातालाई सोध्नुहोस्, भन्नाले विद्यालय बाहिर लिने स:शुल्क टियूसन कक्षा र yes वा No मा ठिक चिन्ह लगाउनुहोस्।

| हाल विद्यालयमा जाने बालबालिकाहरुको लागी मात्र | | | | | |
|---|---|---|---|---|---|
| H209. कक्षा | H210. विद्यालयको प्रकार : (कुनै एकमा ठिक लगाउनुहोस्) | | | H211. बालबालिकाले हाल शुल्क तिरेर कुनै टयूसन पढिरहेको छ? | |
| | सरकारी | निजी | अन्य | छ | छैन |
| 6 | ✓ | | | | ✓ |
| 8 | | ✓ | | ✓ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**हाल विद्यालय नजाने बालबालिकाहरुको लागी**

- **H212.** बालबालिका पहिले विद्यालय गएको थियो?उत्तरदाताको जवाफ अनुसार yes वा No मा ठिक चिन्ह लगाउनुहोस्। यदिH212मा yes छ भने
  - **H213. विद्यालय छोडेको वर्ष** - विद्यालय छोडेकै वर्ष, उदाहरणको लागी यदि बच्चाले विद्यालय २०१५ मा छोडेको हो भने २०१५ नै लेख्नुहोस् , त्यस्तै गरी केहि महिना अघि मात्रै छोडेको हो भने २०१९ लेख्नुहोस्।
  - **H214. विद्यालय छोड्नु भन्दा पहिला पुरै पढेर सकेको कक्षा-**विद्यालय छोड्नु भन्दा पहिला पुरै पढेर सकेको कक्षा, सोध्नुहोस्। **H209** मा जस्तै त्यहि संख्यामा लेख्नुहोस्।

| हाल विद्यालयमा नजाने बालबालिकाहरुको लागी मात्र | | | |
|---|---|---|---|
| H212. बालबालिका लाई पहिले विद्यालयमा भर्ना गरिएको थियो? | | यदि H212मा थियो भने | |
| थियो | थिएन | H213. विद्यालय छोडेको वर्ष | H214. छोड्नु भन्दा पहिला पुरा गरेको कक्षा |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

यदि आमा नियमित रुपमा घरपरिवारमा बसोबास गरेको र जिउँदो भएमात्रै जानकारीहरु रेर्कड गनुहोस्। यदि आमा बितिसकेको वा नियमित रुपमा घरपरिवारमा नबस्ने भए रेर्कड गर्नु पर्दैन्। यदि बच्चाको आमा वितेको वा पारपाचुके भएरबुवाले दोस्रो विहे गरेर परिवारमा नियमित रुपमा बसोबास गर्ने गरेको छ भने दोस्रो आमालाई नै बच्चाको आमाको रुपमा समावेशगर्नुहोस् ।

- **H215. उमेर**-पुरा भएको उमेर
- **H216.** आमाले पढनु भएको छ**? – छ वा छैन मा ठिक चिन्ह दिनुहोस्.** यदि **H216 मा छ भने ,**

  **H217.** पुरै पढेर सकेको कक्षा लेख्नुहोस् । अकंमा लेख्नुहोस् । जस्तै आमाले १२ कक्षा पढेर सक्नु भएको छ तर स्नातक तह २ वर्ष मात्र गरेको छ भने १४ लेख्नुहोस् ।

**बुवाको बारेमा जानकारी**

यदि बुवा नियमित रुपमा घरपरिवारमा बसोबास गर्ने गरेको र जिउँदो भएमात्रै जानकारीहरु रेर्कड गनुहोस्। यदि बुवा बितिसकेको वा नियमित रुपमा घरपरिवारमा नबस्ने भए रेर्कड गर्नु पर्दैन् । यदि बच्चाको बुवा वितेको वा पारपाचुके भएर आमाले दोस्रो विहे गरेर परिवारमा नियमित रुपमा बसोबास गर्ने गरेको छ भने आमाको अहिलेको श्रीमानलाई नै बच्चाको बुवाको रुपमा समावेश गर्नुहोस् ।

- H218. उमेर -पुरा भएको उमेर
- H219.के आमा कहिले विद्यालय जानु भएको छ ? छ वा छैन मा उत्तर दिनुहोस् यदि H219 मा छ भने,
  - H220 मा पढाई सकेको वर्ष लेख्नुहोस् । अकंमा लेख्नुहोस् । जस्तै ७ कक्षा मात्रै पढेर छोडेको भए ७ लेख्नुहोस्

| आमाको जानकारी | | | | बुवाको जानकारी | | | |
|---|---|---|---|---|---|---|---|
| H215. उमेर | H216. के आमा कहिले विद्यालय जानु भएको छ ? | | H217. यदि H216 छ भने, कति कक्षा सम्म पुरा गर्नुभएको थियो? | H218. उमेर | H219. के बुवा कहिले विद्यालय जानु भएको छ ? | | H220. यदि H219 छ भने, कति कक्षा सम्म पुरा गर्नुभएको थियो? |
| | छ | छैन | | | छ | छैन | |
| 29 | ✓ | | 14 | 35 | ✓ | | 7 |
| 29 | ✓ | | 14 | 35 | ✓ | | 7 |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सर्वेक्षण गरिएका सबै बालबालिकाहरुको आमा र बुवाको जानकारीहरु भरेको होस् । सर्वेक्षणकर्ताले घरपरिवारमा रहेका सबै बालबालिकाहरुको एउटै आमा र बुवा हुन भनेर अनुमान लगाउनु हुदैन् ।

**बालबालिकाहरुको मापन**

**H221 र H222 का प्रश्नहरुमा सर्वेक्षणकर्ताहरुले बालबालिकाहरुको मापन हुने नहुने निश्चित गरे पछि मात्र भर्नु पर्नेछ**

र्वेक्षण गरिएका सबै बालबालिकाहरुको मापन भएको निश्चित गर्नुहोस्**.** कुनै विशेष परिस्थतीमा बालबालिकाहरुको मापन नभएको हुन सक्छ त्यो समयमा (H221. छैन मा चिन्ह लगाउनुहोस् र बालबालिकाहरुको मापन नगरिनुको कारण लेख्नुहोस् ।

**H222.** बालबालिकाहरुको मापन नगरिनुको कारणहरु**? (कुनै एउटामा ठिक चिन्ह दिनुहोस्)**

- **सर्वेक्षणमा बालबालिका अनुपस्थित** - बालबालिकाहरु घरमा नभएको र सर्वेक्षणर्ता सर्वेक्षणको लागी गाँउमा हुदाँसम्म नफर्कीने भन्ने कुरा निश्चित गरिसकेपछि मात्र यो उतर छान्नुहोस् ।
- अपाङ्गता भएका बालबालिकाहरु - विशेष अवस्था भएका बालबालिकाहरु छन् र अहिलेको यो मापन र जाँच्ने प्रक्रियाले जाँच्न नसकिने
- बालबालिका /अभिभावकले मापन गर्न मानेन - यस मापनको उद्देश्यहरु राम्ररी बुझाई सकेको निश्चित गरिसकेपछि मात्र यो उतर छान्नुहोस्

**मापन सुरु गर्नु भन्दा पहिले बालबालिकाहरुको सर्वेक्षणका जानकारीहरु पुरै भर्नुहोस् ।**

| बच्चाको मापन | | | | |
|---|---|---|---|---|
| H221. के बालबालिका को मापन भयो ? | | H222. यदि H221 मा भएको छैन भने, मापन नहुनुको कारण (एउटामा मात्र ठिक चिन्ह दिनुहोस् | | |
| भयो | भएको छैन | बालबालिका मापनमा उपस्थित थिएनन् | बालबालिकामा अपाङ्गता छ | बालबालिका/अभिभावक द्धारा मापन गर्न अस्वीकार |
| ✓ | | | | |
| ✓ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**घरायसी सामाग्रीहरु**

घरायसी सामाग्रीहरु घरपरिवारकै हो भन्ने कुरा निश्चित गर्नुहोस्। कुनै घरपरिवारले यस्ता जानकारीहरु दिन हिचकिचाउँछन् । यो जानकारीहरु बच्चाको शिक्षाको स्तरलाई आर्थिक अवस्थासंग जोड्नको लागी मात्र लिएको हो भन्ने कुरा निश्चित गर्नुहोस् ।

- **H301. घर कुन समाग्रीले बनेको छ? अवलोकन गरेर कुनै एकमा ठिक चिन्ह दिनुहोस्**
- पक्की सामाग्रीहरु जस्तै सिमेन्ट, ईटा, बालुवा आदि
- अरु कच्ची : जस्तै माटो, पराल आदि

- **H302. H302.** तपाँईको घरमा विजुलीको मुख्य स्रोत कुन हो ?
    - विद्युत - सरकारी निकायद्धारा जडान गरिएको
    - सोलार - एउटा मात्रै परिवारमा भएको वा एक भन्दा बढि घरपरिवारमा प्रयोग गरिएको एउटै सोलार प्यानल
    - मट्टितेल
    - अन्य

- **H303.** तपाँईको घरमा नियमित रुपमा प्रयोग गरिने पिउने पानीको स्रोत कुन हो ? उत्तरदातालाई सोधेर कुनै एकमा ठिक चिन्ह दिनुहोस्
- पाईपको पानी - पानीको मुहानबाट पाईपले घरसम्म ल्याईएको पानी
- हाते पम्प-जमिनबाट पानी तान्न प्रयोग गरिने
- बोरिङ्ग गरेको पानी  - जमिन मुनिबाट निकालिएको पानी
- ईनार -
- खोलाको पानी  - खुल्ला रुपमा खोलाबाट ल्याएको पानी
- किनेको पानी  - जार को पानी
- अन्य  - यहाँ उल्लेखित बाहेक अन्य कुनै स्रोतहरु

| H301. कस्तो सामाग्रीहरुको प्रयोगबाट घर बनेको छ? (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) | |
|---|---|
| पक्की (सिमेन्ट, काठ, ईंटा आदि) | अरु सामाग्रीहरु जस्तै, माटो, पराल आदि |
| ✓ | |

| H302. घरमा नियमित रुपमा प्रयोग गरिने उज्यालोको मुख्य स्रोत कुन हो? (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) | |
|---|---|
| विद्युत | |
| सोलार | ✓ |
| मैनबत्ती | |
| अन्य | |

| H303. घरमा नियमित रुपमा प्रयोग गरिने पानीको मुख्य स्रोत कुन हो? (कुनै एकमा ठिक चिन्ह लगाउनुहोस्) | |
|---|---|
| पाईपको पानी | |
| हाते पम्प | ✓ |
| बोरिङ गरेको पानी | |
| ईनार | |
| खोलाको पानी | |
| किनेको जारको पानी | |
| अन्य | |

- **H304. Toilet - शौचालय** - अवलोकन गरेर घरमा शौचालय बनाएको छ कि छैन छ वा छैन मा ठिक चिन्ह लगाउनुहोस् । यदि देखिने ठाँमा छैन भने मात्र सोध्नुहोस् ।
- **H305. Electricity connection - विद्युत जडान** - घरपरिवारमा तार, मिटर र जडानहरु छ, छैन हेरेर छ वा छैन मा चिन्ह लगाउनुहोस्।
- **H306. विद्यालय शिक्षा (कक्षा १२ ) हासिल गरेको कम्तीमा पनि  एक जना** - आमा, बुवाको जानकारीहरु अघिको भागमा उल्लेख गरिसकेको कारण यस्मा समावेश नगर्नुहोस् ।
- **H307. विद्यालयको बाहेक अन्य केही पाठ्य सामाग्रीहरु** - यस्मा कथाका किताबहरु, म्यागजिन, कमिक्सहरु पर्छन तर धार्मिक किताबहरुलाई समावेश नगर्नुहोस् ।

- निम्न प्रत्येक सुचकहरु घरपरिवारमा छ र आफ्नै हो भने छ मा ठिक चिन्ह लगाउनुहोस् ।यिनीहरुले काम गर्छ वा गर्दैन भन्ने कुराले फरक पर्दैन ।
    - **H308.** **कम्प्यूटर**
    - **H309.** **टेलिभिजन**
    - **H310.** **रेडियो**
    - **H311.** **मोबाईल फोन**
    - **H312.** **चार पाङ्ग्रे सवारी साधन**
    - **H313.** **दुई पाङ्ग्रे सवारी साधन**
    - **H314.** **साईकल**

| **के यो घर परिवारमा** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| H304. शौचालय छ ? | | H305. विद्युत जडान गरिएको छ? | | H306. विद्यालय शिक्षा (कक्षा १२) पुरा गरेको कम्तीमा पनि एक जना सदस्य ? | | H307. धार्मिक वा विद्यालयका पुस्तकहरु बाहेक अन्य कुनै पढ्ने सामाग्रीहरु छन्? | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ✓ | | ✓ | | ✓ | | | ✓ |

| **के यो घर परिवारमा निम्न कुराहरु छन्?** | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| H308. किम्प्युटर | | H309. टेलीभिजन | | H310. रेडियो | | H311. मोबाईल फोन | | H312. ४ पाङ्ग्रे सवारी साधन | | H313. २ पाङ्ग्रे सवारी साधन | | H314. साईकल | |
| छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन | छ | छैन |
| ✓ | | ✓ | | | ✓ | ✓ | | | ✓ | ✓ | | | ✓ |

**कुनै पनि जवाफ नआएमा बाकसहरुलाई खाली राख्न सक्नुहुने छ ।**

## ६. बालबालिकाहरुसँग के गर्ने हो?

| **उद्देश्य** | ***प्रयोग सामाग्री*** |
|---|---|
| ५-१६ उमेर समुहका बालबालिकाहरुको मूल्याङकनगर्ने | जाच्ने प्रश्नपत्र र घरपरिवार सर्वेक्षण पाना-भाग २ |

घरपरिवार सर्वेक्षण पाना-भाग १ माबालबालिकाको घरपरिवार जानकारी र सर्वेक्षण विवरण भरे पछि, तपाईले घरवरिवारमा रहेका ५-१६ वर्षका सबै बालबालिकोमापनगर्नु पर्दछ । हरेक बालबालिकाको मापनगर्न जाँच्ने प्रश्नपत्रहरुको प्रयोग गर्नुहोस् र घरपरिवार सर्वेक्षण पाना-भाग २ मा प्रतिक्रियाहरु रेकर्ड गर्नुहोस् ।

**मापन तथा जाँच्ने विधिका लागि सामान्य निर्देशनहरु**

घरपरिवार सर्वेक्षण पाना-भाग १ मा सूचित सबै बालबालिकाहरु मापन गरिनेछन् । बालबालिकाहरुको परिक्षण घरमै हुनु पर्दछ । परिक्षण विद्यालय वा गाँउको अरु कुनै पनि सामान्य क्षेत्रमागरिनु हुदैन ।कुनै पनि परिस्थितिमाबालबालिकाहरुलाईजाँच्ने प्रश्नपत्रहरु भएको प्रश्नहरुभन्दा फरक नमुनाको मापनदिइने छैन ।

बालबालिकाहरुलाई मापन गर्दाउनीहरुको दिमागशान्त र खुल्ला राख्नु एकदमै आवश्यक छ । हामीहरु गाँउ/घरपरिवार माजाँदामापनकर्ताहरु भएर जाँदै छैनौ । बालबालिकाहरुले आरामसँग गणितमा के गर्न सक्छन् भन्ने कुरा हामीहरु पत्तालगाउन चाहन्छौ । त्यसकारण बालबालिकाको परिक्षण गर्दा तपाईले तलदिइएका निर्देशनहरुको पालना गर्नु आवश्यक छ :

- बालबालिकाको लागि सहजवातावरणः बालबालिकाको मापन सुरु गर्नु अगाडि बालबालिकासँग कुराकानी गरेर सहज वातावरणको बनाउनुहोस् । उदाहरणको लागि, बालबालिकाहरुलाई उनीहरुको मनपर्ने खेलकुद, खाना, साथी, चाड, कथा, गीत । जबबालबालिकाहरु तपाईसँग मजाले कुराहरु गर्न थालेको महसुस हुन्छ , उनीहरुलाई मापनको प्रश्नपत्रहरु देखाउनुहोस् र उनीहरुलाई भन्नुहोस् यो कुनै पनि परिक्षाहोइन यो प्रश्नपत्रहरुमा साधारण गतिविधिहरु छन् र तपाई उनीहरु सहभागी होस् भन्ने चाहनुहुन्छ । तपाई र बालबालिका एउटै तहमा बस्नुभएको छ भनेरनिश्चित गर्नुहोस्, जस्तै, यदितपाई मेचमा बस्नु भएको छ भने बालबालिकापनि मेचमा नै बसेको हुनु पर्दछ । मापन प्रक्रिया उभिएर नगर्नुहोस् ।
- बालबालिकामा अरुबाटकुनै पनिकिसिमको दबाबहुनुहुदैन । प्राय परिवारका सदस्यहरु र छिमेकीहरु बालबालिकाले कसरी गरिरहेका छन् भनेर हेर्न वरपर जम्माहुने गर्दछन् । यसले बालबालिकालाई असहजबनाउन सक्छ । सर्वेक्षणकर्ताले यस्तो हुननदिननिश्चितगर्नु पर्‍यो । एक जना सर्वेक्षणकर्ताले बालबालिकालाई मापनगरिरहँदाअर्को सर्वेक्षणकर्ताले चाहिँवयस्कहरुसँग कुरा गर्ने वा अरु बालबालिकाहरुसँग केहि गतिविधिहरु गर्ने गर्नु पर्दछ ।
- बालबालिका प्रति प्रोत्साहित र धैर्य हुनुपर्दछ । बालबालिकालाई उनीहरुले गरेको प्रयासको सराहना गरि प्रोत्साहित गर्नु पर्दछ । उनीहरुले गणितको उत्तर दिँदा र समाधान गर्दा उनीहरुसँग धैर्य राख्नु पर्दछ । बालबालिकालाई सुन्न, विचार गर्न र समाधानगर्न पर्याप्त समय दिनुपर्दछ । उनीहरुलाई हतार नगराउनुहोस् । हामीलाई थाहा छ कि साना बालबालिकाहरुले गणितका समस्याहरु समाधान नर्गन पनि सक्छन् तर पनि प्रकिया एक समान राख्नकालागि सबै बालबालिकाहरुमा एउटै प्रक्रिया अपनाउनुहोस् ।
- **फरक बालबालिकाहरुको लागि फरक नमूना**ः मापनको लागी २ ओटा नमूनाका प्रश्नपत्र -Sample 1/Sample 2) छन् । बालबालिकाहरुले एकअर्काको नसारोस् भनेर कृपया एकै घरपरिवारका बालबालिकालाई प्रश्नपत्रको फरक नमूनाको प्रयोग गर्नु होस् । यदि तपाईले एउटा घरपरिवारको अन्तिम बालबालिकाको मापनमा नमूना १ को प्रयोग गरेर सक्काउनु भयो भने अर्को घरपरिवारमा नमूना २ को प्रयोग गरि परिक्षण सुरु गर्नुहोस् ।

मापन गर्दा पालन गर्नुपर्ने नियमहरुः

| | |
|---|---|
| **नियम १:** | एक पटकमा एक जनाको मात्रै परिक्षण गर्नु पर्दछ र एक जना सर्वेक्षणकताले मापन गर्नु पर्दछ र मापन गर्दा बालबालिकासँग अन्तक्रिया गर्दै गर्नु पर्छ । |
| **नियम २:** | परिक्षण प्रकियाको अवधिभरि नै जाँच्ने प्रश्नपत्र पुस्तिका बालबालिकाको हातमा हुनुपर्दछ । सर्वेक्षणकर्ताले सर्वेक्षणको क्रममा आफूले प्रश्नहरु पढेर सुनाउँदा जाँच्ने प्रश्नपत्र पुस्तिकामा चित्रहरु देखाउन मिल्ने गरि बस्नु पर्छ । |
| **नियम ३:** | सर्वेक्षणकर्ताले प्रश्नहरु जस्ताको छ त्यस्तै पढ्नु पर्छ । प्रश्नलाई परिमार्जन नगर्ने वाआफ्नै भाषामा नबुझाउनुहोस् । जाँच्ने प्रश्नपत्र पुस्तिकामा जस्तो लेखिएको छ ठयाक्कै त्यस्तै उच्चारण गर्नुहोस् । |
| **नियम ४:** | सर्वेक्षणकताले हरेक प्रश्नलाई बढिमा २ चोटिसम्म उच्चारण गर्न सक्नुहुनेछ । बालबालिकाले प्रश्नलाई २ चोटि भन्दा बढि दोहोर्याउनआग्रह गर्छन भने पनि सर्वेक्षणकताले नम्रतापूर्वक अर्को प्रश्नमा अगाडि बढ्नु पर्दछ । सर्वेक्षणकताले प्रश्नहरु ठूलो स्वर र स्पष्टसँग उच्चारण गर्न आवश्यक छ । |
| **नियम ५:** | बालबालिकाहरुले जाँच्ने प्रश्नपत्रहरुमा मौखिक, लिखित वा आफूले छानेको जवाफ सङ्केत गरेर (यदि यो चित्रको हो भनेर) जवाफ दिन सक्छन् । |

घरपरिवार सर्वेक्षण पाना-भाग २ मा भर्नेसामान्य जानकारी

- **H101. घरपरिवार संख्या –** यो घरपरिवारको संख्याहो (१-२०) र यो अघिल्लो पानामा भरिएको छ, जुन घरपरिवार सर्वेक्षण पाना-भाग १ जस्तै हुनुपर्छ ।

**बालबालिकाहरुको मापन सुरु गर्नु भन्दा पहिले निम्न जानककारीहरु राम्ररी भर्नुहोस्**

- H201. बलबालिकाहरुको संख्या -१ देखि ६ सम्म सुरुमै प्रीन्ट गरिएको छ । एउटा घरपरिवारमा सर्वेक्षण गरिएका हरेक बालबालिकाको फरक फरक सख्या हुन्छ । ध्यानदिनुहोस्, घरपरिवार सर्वेक्षण पाना-भाग १ मा जानकारी रेकर्ड गर्दा बालबालिकाका दिईएको संख्याकै प्रयोग ( H201. अन्तर्गत) मापनको रेर्कडिङ्ग घरपरिवार सर्वेक्षण पाना-भाग २ मा गरिन्छ।
- H202. बालबालिकाहरुको नाम - घरपरिवार सर्वेक्षण पाना-भाग १ मा भएकै नाम प्रश्न नं H202अन्तर्गत लेख्नुहोस् ।
- H223.नमुना (Sample) नं - बालबालिकाको मूल्याङकनगर्न प्रयोग गरिएकानमूनानम्बर १ वा २ लेख्नुहोस्।

**मापन प्रक्रिया**

मापनको गर्ने प्रक्रिया सेट १ र सेट २ बाट सुरु हुनेछ

- सेट १ र सेट २ का प्रश्नहरुQ1,2,…… बाट सुरु गरेर सबै बालबालिकालाई दिनु पर्छ ।
- जाँच्ने प्रश्नपत्रहरुमा सोध्नु पर्नेप्रश्न उस्तै हुन्छ ।
- सेट १ र सेट २ का प्रश्नहरुमा बालबालिकाहरुलेदिएको उत्तरको लागितलदिइएकानिम्नकोडहरुको प्रयोग गर्नुपर्ने हुन्छ:
  ० = बालबालिकाले प्रश्नको प्रतिक्रिया नदिएको वा बालबालिकालाई जवाफ थाहानभएको
  १ = बालबालिकाले प्रश्नको जवाफदिएको/प्रयास गरेको, तर जवाफगलतभएको
  २ = बालबालिकाले प्रश्नको जवाफदिएको/प्रयास गरेको, र जवाफ सहि भएको

सेट ३ को प्रश्नहरुको मापन

- तल दिइएका निम्न कोडहरु सेट १ र सेट २ का कार्यहरुमा बालबालिकाहरुले दिएका उत्तरको लागि प्रयोग गर्नुपर्ने हुन्छ:
  ० = बालबालिकाले प्रश्नको प्रतिकियानदिएको वाबालबालिकाले जवाफथाहानभएको भनेमा
  १ = बालबालिकाले प्रश्नको जवाफदिएको/प्रयास गरेको, तर जवाफगलतभएको
  २ = बालबालिकाले प्रश्नको जवाफदिएको/प्रयास गरेको, र जवाफ सहि भएको
  ९ = प्रश्नलागू नहुने (यदि बच्चाले सेट ३ का माथीका प्रश्नहरु मा ०/१ प्राप्त गरेमा सेट ३ को प्रश्नहरु सोध्नु नपर्ने

| H201. | H202. बालबालिकाको नाम | H223. Sample नमुना (1/2) | ०-प्रतिकिया नआएको/थाहा नभएको १-गलत उत्तर २-सहि उत्तर ९-लागु नहुने | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | मिनु क्षेत्री | 1 | सेट १ का प्रश्नहरु | प्र.नं.१ | प्र.नं.२ | प्र.नं.३ | प्र.नं.४ | प्र.नं.५ | प्र.नं.६ | प्र.नं.७ | प्र.नं.८ | प्र.नं.९ | प्र.नं.१० | प्र.नं.११ | प्र.नं.१२ | प्र.नं.१३ | प्र.नं.१४ |
| | | | | 2 | 2 | 1 | 2 | 2 | 0 | 2 | 2 | 1 | 2 | 2 | 1 | 2 | 0 |
| | | | सेट २ का प्रश्नहरु | प्र.नं.१५ | प्र.नं.१६ | प्र.नं.१७ | प्र.नं.१८ | प्र.नं.१९ | सेट १ र सेट २ का प्रश्नहरु ५-१६ उमेरका सबै बालबालिकाहरुलाई दिने | | | | | | | | |
| | | | | 1 | 2 | 2 | 0 | 2 | | | | | | | | | |
| | | | सेट ३ का प्रश्नहरु | प्र.नं.२० | प्र.नं.२१ | प्र.नं.२२ | प्र.नं.२३ | प्र.नं.२४ | सेट ३ का प्रत्येक प्रश्नहरु तेस्को सिधा माथि रहेको सेट २ को प्रश्नको उत्तर मिलेको (कोड २ भएको) लाई मात्र सोध्नुहोस सेट २ मा मिलेको छैन भने त्येस्को सिधा तल रहेको प्रश्नहरु लागु हुने छैन (कोड ९) | | | | | | | | |
| | | | | 9 | 2 | 1 | 9 | 0 | | | | | | | | | |
| | | | | | | प्र.नं.२५ | | प्र.नं.२६ | | | | | | | | | |
| | | | | | | 2 | | 1 | | | | | | | | | |

| H201. | H202. बालबालिकाको नाम | H223. Sample नमुना (1/2) | ०-प्रतिकिया नआएको/थाहा नभएको १-गलत उत्तर २-सहि उत्तर ९-लागु नहुने | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | सन्तोश क्षेत्री | 1 | सेट १ का प्रश्नहरु | प्र.नं.१ | प्र.नं.२ | प्र.नं.३ | प्र.नं.४ | प्र.नं.५ | प्र.नं.६ | प्र.नं.७ | प्र.नं.८ | प्र.नं.९ | प्र.नं.१० | प्र.नं.११ | प्र.नं.१२ | प्र.नं.१३ | प्र.नं.१४ |
| | | | | 2 | 1 | 1 | 2 | 2 | 0 | 0 | 2 | 2 | 1 | 2 | 1 | 2 | 0 |
| | | | सेट २ का प्रश्नहरु | प्र.नं.१५ | प्र.नं.१६ | प्र.नं.१७ | प्र.नं.१८ | प्र.नं.१९ | सेट १ र सेट २ का प्रश्नहरु ५-१६ उमेरका सबै बालबालिकाहरुलाई दिने | | | | | | | | |
| | | | | 1 | 2 | 1 | 0 | 2 | | | | | | | | | |
| | | | सेट ३ का प्रश्नहरु | प्र.नं.२० | प्र.नं.२१ | प्र.नं.२२ | प्र.नं.२३ | प्र.नं.२४ | सेट ३ का प्रत्येक प्रश्नहरु तेस्को सिधा माथि रहेको सेट २ को प्रश्नको उत्तर मिलेको (कोड २ भएको) लाई मात्र सोध्नुहोस सेट २ मा मिलेको छैन भने त्येस्को सिधा तल रहेको प्रश्नहरु लागु हुने छैन (कोड ९) | | | | | | | | |
| | | | | 9 | 2 | 9 | 9 | 2 | | | | | | | | | |
| | | | | | | प्र.नं.२५ | | प्र.नं.२६ | | | | | | | | | |
| | | | | | | 9 | | 2 | | | | | | | | | |

## ७. पालन गर्नु पर्ने नैतिक कुराहरु

१. गाँउमा सर्वेक्षणको कार्यहरु सुरु गर्नु अगाडि गाँउका प्रतिनिधिलाई सूचित गराउनुपर्छ ।

२. सर्वेक्षण सञ्चालन गर्न घरमूलीको अनुमती लिनुहोस् ।

३. बालबालिकाको मापन सुरु गर्नु अघि अभिभावकको अनुमती लिनुहोस् ।

४. सबै प्रक्रियाहरु प्रशिक्षणमा वर्णन गरे अनुसार पालन गर्नुहोस् । मापन सुरु गर्नु पूर्व आफूलाई लागेका शंका, प्रश्न वा चिन्ता स्पष्ट पार्नुहोस् ।

५.कसैको पनि नाम वा व्यक्तिगत जानकारी समुदायका अन्य व्यक्तिहरुसंग नबाँडनुहोस् ।

६. समुदायका मानिसहरुलाई PAL Networkर असर नेपाल तथा समृद्ध समाज बाट कुनै पनि किसिमको सहायता/सहयोगको वाचा नगर्नुहोस् ।

७. मापनको मापदण्डमा पर्ने सबै बालबालिकालाई तपाईले जाँच गर्नुपर्नेछ ।

८. तपाई प्रक्रियाप्रति सत्यवादि हुनुपर्छ ।

९. सर्वेक्षणको क्रममा कृपया फोटोहरु नखिच्नुहोस् ।

१०. सबै प्रतिक्रियाको आदर गर्नुहोस् र सर्वेक्षणमा आफ्नो समय दिई सहभागी हुनु भएकोमा धन्यवाद दिनुहोस् ।

## ८. गााँउमा नागरिकहरुको नेतृत्वमा गरिने मापनको सक्षेंप

**उद्देश्यहरु:**

- हामीलाई आवश्यक जानकारीहरु कहाँबाट संकलन गर्ने भन्ने विषयमा जान्न
- आवश्यक जानकारीहरु कसरी संकलन गर्ने भन्ने विषयमा जान्न
- मापनको लागी कसरी तयारी गर्ने भन्ने विषयमा जान्न

***प्रयोग सामाग्री***

- सवेक्षण पुस्तिकाको बाहिरी पानामा सामान्य जानकारीहरु भर्न
- गाँउको नक्साङ्कन गर्न
- गाँउको जानकारीहरुको पाना
- घरपरिवार सर्वेक्षण -भाग १
- घरपरिवार सर्वेक्षण -भाग २

### हामीले हाम्रो जानकारीहरु कहाँबाट सकंलन गर्ने

- CLAN मुख्यतया घरपरिवारमा आधारित सर्वेक्षण हो, हामी जानकारीहरु २ ठाँउबाट संकलन गर्छौ ।
    - गाँउ
    - छनौट गरिएका घर परिवारहरु

प्रत्येक गाँउमा CLAN नक्साङ्कन , सर्वेक्षण र घरपरिवारको छनौट गरेर बालबालिकाहरुको मापन लगायतका कामहरु २ दिनमा गरेर सक्नु पर्नेछ ।

### सर्वेक्षणको लागी कसरी योजना र तयारी गर्ने

छनौट गरिएको एउटा गाँउमा एक जना महिला र एक जना पुरुष गरी जम्मा २ जनाले सर्वेक्षण गर्नेछन् । सर्वेक्षण प्रक्रिया सुरु गर्नु भन्दा राम्ररी योजना बनाई तयारी गर्नु पर्ने हुन्छ । सर्वेक्षणमा प्रयोग हुने सर्वेक्षण पुस्तिका, जाँच्ने प्रश्नपत्रहरु र त्यस्को प्रयोगका बारेमा राम्ररी बुझ्न आवश्यक हुन्छ । सर्वेक्षणको क्रममा २ जना सर्वेक्षणकर्ताहरु सगं संगै भएर सबै काम सक्नु पर्नेछ ।

योजना र तयारीमा निम्न कुराहरु पर्छन्

- सबै सामाग्रीहरु सर्वेक्षण पुस्तिका, जाँच्ने प्रश्नपत्रहरु र सर्वेक्षणको निर्देशिका राम्ररी हेर्ने
- परिचय, डाटा रेर्कड कस्ले गर्ने भनी कामको बाँडफाँड पनि सुरुमै गर्ने
- सर्वेक्षणमा आत्मविश्वासका साथ काम गर्न प्रक्रियाहरुको अभ्यास गर्ने

९. **गाँउमा गरिने सर्वेक्षणको पुरै प्रक्रिया संक्षेपमा**

१. प्रशिक्षक वा जिल्ला संयोजकले तोकिएको गाँउमा दुई जना सर्वेक्षणकर्ताहरु जाने छन् । उनीहरुले प्रशिक्षणको बेलामा दिईएको सर्वेक्षण प्याक पनी साथमा लिएर जाने छन् ।

↓

२. गाँउमा पुगेपछि, सर्वेक्षणकर्ताहरुले गाँउको प्रमुखलाई भेटेर निम्न कुराहरु गर्नु हुनेछ

- जालको साझामुल्याङ्कनर यस्को यस्को आवश्यकताको बारेमाराम्ररी बुझाउनुहोस् ।
- उहाँलाई'चिठ्ठी'दिएर गाँउमाहुने सर्वेक्षणको लागीआवश्यक पर्ने सहयोगको लागी आग्रह गर्नुहोस्

↓

३. सर्वेक्षणकर्ताहरु गाँउमा पुरै डुल्दा निम्न कुराहरु गर्नुहुने छ।

- सुरुमा अर्के कागजमा नक्सा कोर्नु होस र होस् । गाँउमाभएका महत्वपूर्ण कुराहरुलाई नक्सामा राख्नुहोस् । गाँउमा पुरै डुलेर हेरीसके पछि नक्सालाई सर्वेक्षण पुस्तिकाको पानामा सार्नुहोस्
- आफ्नो अवलोकनको आधारमागाँउको जानकारीहरु भर्नुहोस्

↓

४. त्यसपछि, सर्वेक्षणकर्ताहरुले घरपरिवार सर्वेक्षण गर्नुहुने छ, उहाँहरुलेबनाएको गाँउको नक्सालाई ४ वटामा क्षेत्रमा विभाजन गर्ने वा ४ वटा क्षेत्रहरु नमुना छनौट विधिबाट छानेर, चार ओटै क्षेत्रबाट पाँचौ घर छान्ने नियमबाट ५ वटा घरपरिवार छनौट गर्ने । र जम्मा २० ओटा घरपरिवारहरुको सर्वेक्षण गर्नुहोस् ।

↓

५. छनोटगरिएकाप्रत्येक घरपरिवारहरुमा, सर्वेक्षणकर्ताहरुलेनिम्न कुराहरु गर्नुहुनेछ

- ५ देखि १६ वर्ष सम्मका बालबालिकाहरुको जानकारीहरु रेर्कड गर्नुहोस् ।
- जाँच्ने प्रश्नपत्रहरुको प्रयोगले बालबालिकाहरुको मापन गर्नुहोस् । यो घरपरिवारहरुमा मात्रै गरिन्छ ।
- घरायसी सामाग्रीहरुको जानकारी रेर्कड गर्नुहोस् ।

↓

२० ओटा घरपरिवारहरुको सर्वेक्षण सकिने वित्तिकै, सर्वेक्षणकर्ताले सर्वेक्षण पुस्तिकाहरु तुरुन्त आफ्नो प्रशिक्षक वा जिल्ला संयोजकलाई दिनु पर्नेछ ।